# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०१।१२ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---

यातायात व्यवस्था कार्यालय, महेन्द्रनगर, कन्चनपुरले सञ्चालन गरेको मोटरसाइकल/स्कुटरको सवारीचालक अनुमतिपत्र प्राप्त गर्ने प्रयोजनका लागि सञ्चालित लिखित परीक्षामा ३२११ जना सम्मिलित भएको र प्रयोगात्मक परीक्षामा ३२६५ जना सहभागी भएकोमा मिति २०७२।०३।१६ गते देखि २०७२।०३।२६ गते सम्म सञ्चालन भएको प्रयोगात्मक परिक्षामा असफल भएका परीक्षार्थीहरूबाट ५ देखि १५ हजार रकम असुल गरी चालक अनुमतिपत्र दिई भ्रष्टाचार गरेको भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा यातायात व्यवस्था कार्यालय, कन्चनपुरका तत्कालीन निमित्त कार्यालय प्रमुख एवं परीक्षा समितिका अध्यक्ष सिताराम खनाल, मेकानिकल इन्जिनियर एवं परीक्षा समितिका सदस्य योगेन्द्रप्रसाद गुप्ता र जिल्ला ट्राफिक प्रहरी कार्यालयका तत्कालीन प्रहरी निरीक्षक एवं परीक्षा समितिका सदस्य बाबुकाजी गिरीले मोटरसाइकल/स्कुटरको सवारीचालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण र अनुपस्थित भएका ८ जना परीक्षार्थीहरूलाई पास गराई सवारी चालक अनुमतिपत्र दिई आफूहरूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता